# प्रभा

## बीमाको चित्रकथा सङ्गालो



# प्रभा

बीमाको चित्रकथा सङ्गालो

## नेपाल बीमा प्राधिकरण

कुपण्डोल, ललितपुर, नेपाल

वैशाख, २०८३

प्रकाशक

# नेपाल बीमा प्राधिकरण

कुपण्डोल, ललितपुर, नेपाल
फोनः- ०१-५४२१०७९, ५४३८७४३
Email: info@nia.gov.np,
Web: www.nia.gov.np

संरक्षक
श्री चन्द्रकला पौडेल, अध्यक्ष

सल्लाहकार एवम् संयोजक
श्री सुशीलदेव सुवेदी, कार्यकारी निर्देशक

सम्पादन समूह
श्री पुजन ढुङ्गेल (अधिकारी), निर्देशक
श्री कुन्दन सापकोटा, निर्देशक
श्री पुष्पा कुँवर, उपनिर्देशक

आवरण/चित्राङ्कन : रवि मिश्र

## शुभकामना

नेपाल बीमा प्राधिकरण बीमा प्रणाली तथा बीमा व्यवसायलाई व्यवस्थित, नियमित, प्रतिस्पर्धी तथा विश्वसनीय माध्यमबाट नागरिकलाई गुणस्तरीय तथा भरपर्दो बीमा सेवा उपलब्ध गराउन क्रियाशील रहँदै आएको छ। बीमित हित रक्षावरण, बीमा क्षेत्रमा सुशासन कायम, बीमकको वित्तीय सबलता, बीमाको पहुँच बृद्धि र देश विकासमा बीमा क्षेत्रले पुऱ्याएको योगदानलाई प्राधिकरणले प्राथमिकतामा राखेको छ । मानव जीवन, सम्पत्ति र दायित्वमा आइपर्ने जोखिमहरू विरूद्ध वित्तीय रक्षावरण गर्ने भरपर्दो वित्तीय उपकरणका रूपमा बीमालाई लिइन्छ। बीमाको माध्यमबाट विभिन्न किसिमका प्राकृतिक प्रकोप तथा अन्य दुर्घटनाबाट सृजना हुने जोखिम विरूद्ध रक्षावरण गर्न सकिन्छ भन्ने बारेमा आम नागरिकहरुलाई जानकारी गराउन प्राधिकरणले सरोकारवाला निकायहरुका साथै विद्यार्थीहरुसँग प्रबर्द्धनात्मक, सचेतनामूलक तथा बीमाको महत्व, बीमा गर्ने विधि र दाबी भुक्तानी प्रक्रिया लगायतका विषयमा जानकारीमूलक पाठ्य सामाग्रीहरू र श्रव्य–दृश्य सामाग्रीहरू तयार गरी प्रकाशन, प्रसारण र वितरण गर्दै आएको छ।

प्राधिकरणले बीमा सम्बन्धी समग्र विषयमा सरल भाषामा चित्रकथाका रूपमा जानकारी दिनका लागि बीमा सम्बन्धी चित्रकथा प्रकाशन गर्न लागेको छ। विशेषगरी, विद्यालयका विद्यार्थीहरूलाई लक्षित गरी प्रकाशन गरिएको बीमा सम्बन्धी चित्रकथा बीमाका आधारभूत विषयमा बुझ्न उपयोगी हुने विश्वास लिएका छौं।

अन्त्यमा, बीमा सम्बन्धी चित्रकथा लेखन तथा प्रकाशनमा सहयोग एवम् समन्वय गर्ने सबैप्रति आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु।

चन्द्रकला पौडेल
अध्यक्ष
नेपाल बीमा प्राधिकरण

पो.ब.नं. २१७२, ललितपुर-१०, कुपण्डोल, नेपाल, फोन: ०१-५४२१०७९, ५४३८७४३, फ्याक्स: ०१-५४२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Lalitpur-10, Kupondole, Nepal, Phone: 01-5421079, 5438743, Fax: 01-5420119, Toll Free No.: 1660-01-56789
Website: www.nia.gov.np, E-mail: info@nia.gov.np

## कार्यकारी निर्देशकको शुभकामना

नेपाल बीमा प्राधिकरणले बीमा व्यवसायको व्यवस्थित विकासका साथै बीमितको हित रक्षा, दक्ष जनशक्ति विकास र बीमा साक्षरतालाई उच्च प्राथमिकतामा राखी कार्य अगाडि बढाउदै आएको छ। आम नागरिकसम्म बीमाको पहुँच विस्तार गर्न सचेतना र प्रवर्द्धनात्मक कार्यक्रमहरूलाई प्राधिकरणले अभियानकै रूपमा अगाडि बढाइरहेको छ। यी प्रयासहरूको सुखद परिणामस्वरुप पछिल्ला वर्षहरूमा बीमाको दायरामा उल्लेख्य वृद्धि भएको छ। आ.व. २०७१/७२ मा १२.५०% मा सिमित रहेको बीमाको दायरामा वि.सं. २०८२ फागुन मसान्तसम्म आउदा कुल जनसङ्ख्याको झण्डै ५० प्रतिशत हिस्सा बीमाको सुरक्षाको घेराभित्र समेटिनु गौरवको विषय हो।

बीमाको पहुँच वृद्धिलाई तीव्रता दिन बीमा शिक्षा र बीमा सचेतना अभिवृद्धिमा प्राधिकरण तथा समग्र बीमाक्षेत्रले जोड दिनु आवश्यक छ। यसैलाई ध्यानमा राखी प्राधिकरणले बीमा सम्बन्धी अध्ययन, अनुसन्धान र बीमा सचेतना कार्यक्रमहरू सम्बद्ध निकायहरूसँगको समन्वय एवम् सहकार्यमा संचालन गर्दै आएको छ। फलतः प्राधिकरण मार्फत बीमा समाचार र विचार, बीमा बुलेटिन र बीमा चिनारी जस्ता बौद्धिक सामग्रीहरूसँगै श्रव्य-दृश्य माध्यमबाट पनि सूचना प्रवाह तथा प्रशारण गर्ने गरिएको छ।

यसै परिप्रेक्ष्यमा, बीमाका आधारभूत र जटिल विषयलाई समेत सरल एवं रोचक शैलीमा बुझाउने उद्देश्यले यो बीमा चित्रकथा प्रकाशन गरिएको छ। विशेषगरी विद्यालयस्तरका विद्यार्थीहरूलाई लक्षित गरी तयार पारिएको यो पुस्तक भौतिक र डिजिटल दुवै स्वरूपमा उपलब्ध छ। यो चित्रकथाले विद्यार्थी मात्र नभई सर्वसाधारणमा समेत बीमाप्रतिको बुझाइलाई थप स्पष्ट र परिपक्व बनाउनेमा हामी पूर्ण विश्वस्त छौं।

अन्त्यमा, यस चित्रकथाका सर्जक, लेखक, कार्टुनिष्ट तथा यसको परिकल्पनादेखि प्रकाशनसम्म अहोरात्र खटिनुहुने प्राधिकरणका कर्मचारी एवं सहयोग पुर्‍याउने सम्वद्ध सबैप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

सुशील देव सुवेदी
कार्यकारी निर्देशक
नेपाल बीमा प्राधिकरण

# सम्पादकीय

नेपाल बीमा प्राधिकरणले बीमा व्यवसायको नियमनकारी भूमिका निर्वाह गर्नुका साथै बीमा क्षेत्रको विकास एवम् विस्तार, बीमितको हित रक्षा, बीमा क्षेत्रमा सुशासन कायम, बीमकको वित्तीय सबलता, स्वच्छ प्रतिस्पर्धा मार्फत बीमा सेवा प्रवाह, बीमा शिक्षाको विकास र सचेतना अभिवृद्धिलाई प्राथमिकता दिँदै आएको छ ।

आम नागरिकमा बीमाको पहुँच पुऱ्याउनका लागि बीमाले विभिन्न किसिमका प्राकृतिक तथा मानवजन्य जोखिमहरू विरूद्ध वित्तीय रक्षावरण गर्छ भन्ने जानकारी आमरूपमा पुग्नु जरूरी छ । बीमा सम्बन्धी सही जानकारी जनमानसमा पुऱ्याउनका लागि बीमा सम्बन्धी श्रव्य, दृष्य र पाठ्य सामग्रीहरू महत्वपूर्ण माध्यम हुन् । प्राधिकरणले वार्षिक रूपमा बीमा समाचार र विचार (बीमा सम्बन्धी लेखहरूको सङ्गालो), त्रैमासिक रूपमा बीमा बुलेटिन र बीमा चिनारी, बीमा प्रतिविम्व लगायतका पाठ्यसामग्रीहरू प्रकाशन गरी वितरण गर्दै आएको छ ।

यसै सन्दर्भमा, प्राधिकरणले बीमाका बारेमा सचेतना वृद्धि गर्ने उद्देश्यले सरल भाषामा रोचक चित्रकथा तयार गरी प्रकाशन गर्न लागेको छ । चित्रकथाले रोचक ढंगबाट पाठक वर्गको ध्यानाकर्षण गर्ने हुँदा यो प्रकाशन थप प्रभावकारी हुने विश्वास गरिएको छ । यस चित्रकथाका माध्यमबाट विद्यार्थीहरूले सजिलै बीमाको महत्व र बीमाबाट हुने लाभका बारेमा बुझ्न सक्ने छन् र उनीहरूमा विभिन्न किसिमका जोखिमहरू विरूद्ध बीमा गर्नुपर्छ भन्ने भावनाको विकास हुनेछ भन्ने अपेक्षा हामीले गरेका छौं । साथै, बीमा सम्बन्धी जानकारी प्राप्त गर्न चाहने सर्वसाधारण लगायत सबैका लागि समेत प्रस्तुत चित्रकथा उपयोगी हुनेछ भन्ने विश्वास लिएका छौं ।

अन्त्यमा, बीमाको चित्रकथाको सङ्गालो प्रकाशनमा सहयोग गर्नुहुने लेखक, चित्रकथा सर्जक, कार्टुनिष्ट, नेपाल बीमा प्राधिकरणका कर्मचारीहरू लगायत सबैप्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु ।

पुजन ढुङ्गेल (अधिकारी)
निर्देशक
अनुसन्धान महाशाखा

# विषयसूचि


| सि.नं. | शीर्षक | लेखक | पेज नं. |
| --- | --- | --- | --- |
| १. | जादुई तबेला | विकास पराजुली | १ |
| २. | अनिश्चितताामा सुनिश्चित सुरक्षा | मिठु दाहाल | ११ |
| ३. | बीमाले दिएको सफलता | पेशल आचार्य | १६ |
| ४. | संकटको रक्षाकवज पर्याप्तः बीमा | विपना पन्थी | २५ |
| ५. | वंशीधरको आत्मा | मनान्किता रोका | ३५ |

# जादुई तबेला


एकदेशमा एउटा जमिन्दार थियो । उसको तबेलामा सात वटा सेता घोडाहरू थिए ।
तबेलामा कहिल्यै पनि सात वटा घोडाहरू टुट्दैन थिए ।
जसकारण गाउँमा एउटा हल्ला थियो ।
त्यो जादुई तबेला हो । त्यहाँका घोडाहरू अमर छन् ।






र, अन्त्यमा गाउँभरिका सम्पूर्ण पशुहरू उठाएर लगे। त्यसमा कतिका गाईवस्तु, कुखुराहरू परे।

दुःखको कुरा जादुई तबेलाका सातै वटा सेता घोडाहरू पनि डाँकाहरूले लिएर गए।



गाउँका सबै दुःखी भए। उता जमिन्दार भने मस्त नै देखिन्थ्यो।
केही दिनपछि तबेलामा फेरि सात वटा सेता घोडा देखा परे। गाउँले तीन छक्क परे।
मुखिया बा! गाउँलेहरू सबै आत्तिएर आएका छन नि त!
हैन के भयो ? गाउँमा **फेरि डाँका लाग्यो कि क्या हो ?**


खै के हो ? के हो ? **मुखिया बा कि मुखिया बा** भन्दैछन् ।
**के भो ?** सबै आत्तिएका छौ त ।
आत्तिन त अस्ति डाँका लागेदेखि नै आत्तिएकै आत्तिएका छौं । अहिले चाहिँ अचम्म भएर आएका हौं ।
मुखिया बा ! हाम्रो कुखुराले सुनको अण्डा पनि पारेको छैन । गोरु पनि ब्याएको छैन । हाम्रो घरको ढुङ्गा पनि बोल्दैन.. के चाहिँ अचम्म भएछ त ?


अचम्म रे !!
उल्का, पिण्ड नै खस्यो
नि !
हैन भयो चाहिं के ?
के कुराले अचम्म बनायो
हँ ?
धुम्रपान स्वास्थ्यका लागि हानिकारक छ।
अचम्म हुने कुरा त सेता
घोडाहरू हुन् ! **कसरी आए ?**
**ती कहाँबाट आए** ? अस्ति
पैसा माग्न आउँदा छैन
भन्नु हुन्थ्यो ।
कुरो के हो ?
बताइ दिनुपर्‍यो ।


कुरो छर्लङ्गै छ त नि । मैले घोडाहरूको **बीमा** गरेको थिएँ ।
बीमा!!
के हो बीमा ?
तपाईंले अस्ति चारजनालाई बोकाएर ल्याएको कुरा हो ?
हैन, ए स्वाँठ ! त्यो त फ्रिज हो !


के चाहिं हो त यो बीमा ?
बीमा भनेको तिम्रो र तिम्रो सम्पत्तिको सुरक्षा हो ।
सुरक्षा ? कसले गर्छ सुरक्षा ? यसले गर्छ सुरक्षा ?
बीमा कम्पनीहरूले गर्छन् ।



घोडाको मात्र गर्छन् होला,.. आफ्ना त बाख्राहरू छन् । कसरी हुन्छ सुरक्षा ?
ए ! अनि यो गर्ने चाहिँ कसरी ? एउटै ठाउँमा हुन्छ ?
फरक-फरक बीमा कम्पनी हुन्छन् । जुन चिजको सुरक्षा चाहिने हो, त्यही कम्पनीको फारम भरेर गर्नुपर्छ । त्यही फारमको आधारमा बीमा कम्पनीले सुरक्षाको जिम्मा लिन्छन् ।



बीमा सित्तैमा गरिदिन्छन् त मुखिया बा !!
हैन तैंले के को बीमा गर्ने हो ? त्यसकै सुरक्षा गरिदिन कम्पनीलाई....
वार्षिक रुपमा **थोरै पैसा/रकम किस्ताको रुपमा बुझाए पुग्छ ।**
मान्छे र जनावरको मात्र बीमा हुँदोरहेछ....
मेरो घरको सुरक्षा चाहिँ कसले गर्छ ?
त्यो पनि बीमा कम्पनीले नै गर्छ । जीवन बीमा कम्पनीले मान्छेको बीमा गर्छन् । निर्जीवन बीमा कम्पनीले
पशुपन्छी, घर, गोठको, गाडीको सम्पत्तिको बीमा गर्छन् ।



कुरो बुझियो ! त्यसो भए भोलि नै सबैजना बीमा कम्पनीमा जान्छौं ... तर यो चोटिको किस्ता चाहिँ तपाईंले नै तिरिदिनु पर्छ है, मुखिया बा !
ल ल, भइहाल्छ नि ! अब ढुक्क भएर आ-आफ्नो घर जाओ ।

भोलिपल्ट सबैको बीमा गरियो । त्यस दिनदेखि सबैजना सुरक्षित महसूस गर्न थाले र त्यो गाउँको नाम नै–“जादुई गाउँ” रहन गयो ।

# अनिश्चिततामा निश्चित सुरक्षा







बीमा भनेको धनीहरूले मात्रै गर्ने कुरा होइन र दिदी ?
होइन रवि। **बीमा सबैका लागि हो।** कृषि, स्वास्थ्य, घर, सवारी सबैको सुरक्षा हो।



तर **बीमाले साँच्चै फाइदा गर्छ त ?**
फाइदा गर्छ। मानौँ, तिमीले खेतमा लगाएको बाजरा खेतीको बीमा गर्‍यौँ भने असिना, सुख्खा, बाढीजस्ता **प्राकृतिक विपत्तिमा भएको क्षतिको बीमाले सम्बोधन** गर्छ।


मेरो **मोटरसाइकलको पनि**
**बीमा** गर्नुपर्छ ?
अवश्य ! दुर्घटना कहिल्यै भनेर हुँदैन । बीमाले तिमीलाई मात्र होइन, अरुलाई पनि सुरक्षा हुन्छ । बीमा गरेर थोरै रकमले ठूलो जोखिम कम गर्न सकिन्छ ।
अनि तिर्नुपर्ने **प्रिमियम** त कति होला नि !
तिमीले छानेको बीमाको प्रकार अनुसार फरक फरक हुन्छ, तर थोरै बचत गर्ने बानीले सजिलै प्रिमियम तिर्न सकिन्छ ।


आज रवि निकै उत्साहित छ।
दिदी ! मैले घर, मोटरसाइकल र कृषि बाली तीनै वटाको बीमा गराएँ !


वाह ! अब तिमीले भविष्यका जोखिमलाई धेरै हदसम्म कम गऱ्यौ। यही नै बीमाको असल महत्व हो– 'अनिश्चिततामा निश्चित सुरक्षा।'


म अब गाउँमा पनि
**बीमा सचेतना**
फैलाउन लाग्छु ।
यही हो जिम्मेवार
नागरिकको पहिचान ।
**आफू सुरक्षित, समुदाय सुरक्षित ।**


बीमा कुनै खर्च होइन–यो भविष्यका जोखिमविरूद्धको सुरक्षा कवच हो ।
**सबैका लागि बीमा, सुरक्षित जीवनका लागि बीमा ।**

# बीमाले दिएको सफलता



बुधन काकाले पनि छैन भन्नु भयो !
सीताको घर जनकपुर हो । निम्नवर्गीय सीताको श्रीमान, राम रिक्सा चलाउँछन् । रामलाई परिवार चलाउन साह्रै कठिन छ । जसका लागि ऊ धेरै काम गर्छ । एक समयमा ऊ बिरामी भएर ओछ्यान पर्छ, जसले गर्दा परिवारलाई खाना खानसमेत मुस्किल पर्छ ।
के गर्ने त ? मास्टर बाबुसँग पो कुरा गर्ने हो कि ? परेको बेलामा सम्झनु है भन्नुहुन्थ्यो !





खै ?
माग्दामाग्दै लाजै भैसक्यो !



छोरा बिल्लु आउँछ।
बाबा ! भोलिसम्म परीक्षा फी तिरेन भने हलमा बस्नै नदिने रे !
सब्जी काटिसकेर जाँदैगर्दा
यो चोटी परीक्षा नदे बाबु, अर्कोचोटी पढेर राम्रोसँग दिनु।
परीक्षा नदिए क्लास चढ्न पाइदैन।


मास्टर घरमा ट्युसन पढाइरहेका छन् ।
मास्टरबाबु नमस्कार !
ओहो ! सीता बैनी नमस्कार... एक्लै आएकी ? खै बिल्लु ?


त्यसैको बारेमा कुरा गर्न आएकी ।
तिमीहरू पढ्दै गर है ।


अँ भन त के भयो ?
बिल्लुलाई पढाउन नसकिने भयो बाबु ।
त्यति कुराको लागि चिन्ता गरेको ? भोलि परीक्षा दिन पठाइदिनु, म कुरा गरिदिउँला ।


त्यति मात्र हैन बाबु... बिल्लुको बुबा थला परेदेखि घर चलाउन मुस्किल भयो... बाबुसँग अलिकती सापटी लिएर सानो चिया पसल सुरु गरौँ कि भनेर सोचेकी थिएँ।
मसँग पनि त्यत्रो पैसा कहाँ छ र ? त्यै पैसा नभएर...बीमा कम्पनीबाट ऋण लिएर तिम्रो भाउजुलाई ब्युटीपार्लर खोलिदिएको ।
बीमा कम्पनी !!! कसरी ?
मैले जीवन बीमा गरेको ३ वर्ष पूरा भएपछि त्यसबाट ऋण लिन मिल्दो रहेछ, त्यहीँबाट लिएको । जीवन बीमा भनेको जिन्दगीभरीको साथी भन्थे..., हो रहेछ ।
मैले पनि जीवन बीमा गरेको लगभग ५ वर्ष भयो । अब मैले ऋण लिन के गर्नु पर्छ ?
केही गर्नु पर्दैन, जहाँ बीमा गरेको हो, त्यहाँ गएर बुझ्ने । आफूले कति वर्षको प्रिमियम तिरेको छ, त्यसको आधारमा कति ऋण पाइन्छ भन्ने हिसाब गरेर दिन्छन् ।
धन्यवाद मास्टर बाबु !
धन्यवाद पर्दैन । भोलि बिल्लुलाई परीक्षा दिन पठाइदिनु । अनि सीता, समयमा ऋणको साँवा/ब्याज तिर्न नबिर्सनु नि । फेरि बीमा अन्त्य होला र भावी जीवनको सुरक्षा हुँदैन नि ।


बीमा अभिकर्ता रमेश घरमा केही काम गर्दै श्रीमती सुनितासँग गफ गर्दैछ ।
ओहा ! सीता दिदी नमस्कार ! धेरै दिनपछि पो भेट भयो त !
हेर्नु न बहिनी, निस्कनै पाएकी छैन् । रमेश बाबुसँग सानो सल्लाह लिउँ कि भनेर आएको ।
भित्रबाट रमेश निस्कँदै
के सल्लाह लिन आउनुभयो सीता भाउजू ? **घरमा सबै ठिकै छ नि ?**


बिल्लूको बुबा थलापरेको कुरा तपाईंलाई थाहा नै छ। पैसाको साह्रै समस्या पऱ्यो। **जीवन बीमाबाट ऋण लिन मिल्दो रहेछ** भन्ने कुरा थाहा पाएँ। ऋण लिन के के गर्नु पर्छ ?


सामान्य कुरा छ। तपाईंले तपाईंसँग भएको **मुख्य बीमालेख, नागरिकता र बैंकको चेकबुक वा त्यसको कपि** यति लिएर गए पुग्छ।
हुन्छ रमेश बाबु ! म भोलि नै **बीमा कम्पनी गएर यी सबै प्रक्रिया पूरागरी ऋण लिन्छु**। तपाईंलाई धेरै धन्यवाद....।

भोलिपल्ट सीता बीमा कम्पनीमा गइन् । सबै प्रक्रिया पूरा गरी ऋण लिएर खुब मेहनत गरी उनले सानो चिया पसल सुरु गर्छिन् ।






पसलले केही महिनामै आम्दनी दिन थाल्दछ ।


सीताले घर चलाउँदै श्रीमान, छोरा र पसलको पनि बीमा गराउँछिन् । राम पनि बिस्तारै निको हुँदै आउँछन् र चिया पसलमा सीतालाई सघाउन थाल्छन् ।



अनि सीताको आम्दानी अझ बढ्छ । त्यस आम्दनीबाट बचत गरेर सीताले रामलाई सफारी ट्याम्पो किनिदिन्छिन् । यसरी बीमा गर्नाले दुःखमा साथ मिल्छ र आर्थिक अवस्था सुधार गर्न सकिन्छ
Safari

# संकटको रक्षाकवज : पर्याप्त बीमा




ढ्वाङ्ग ढ्वाङ्ग
रमेशको घरमा दनदनी आगो बल्यो । पुराना तस्वीरहरू, सम्झनाहरू, वर्षौंदेखिको पसिना–सब जल्यो । घरका छत खसे, थामहरू ढले । सिसाहरू फुट ॥
रमेश चिच्याउँछ...
होइन... यो के भयो ? मेरो जीवनभरको मेहेनत क्षणभरमै खरानी भयो ! हे भगवान ! म अब के गरूँ !


**केही आशा सहितको उजाड बिहानी** खरानीले ढाकिएको गल्लीका साथ रमेशलाई पर्खिरहेको थियो ।


रमेश केही आशामा
घरको बीमा त गरेको छु नि मैले, **जे–जस्तो भएपनि अब बीमाको सहारामा छिट्टै उठ्नेछु ।**



यति धेरै घर, गाडीहरू जले, बीमा कम्पनीले कसरी सबै दाबी भुक्तानी गर्न सक्छन् होला ?
सबै बीमा कम्पनीहरू डुब्ने भए अब ।


रमेश पुनः चिन्तित मुद्रामा उसको अनुहारमा धुवाभन्दा पनि बाक्लो अन्यौल र अनिश्चितता छायो ।


मान्छेहरूको गुन्‌गुन्, हा-हल्ला र चिन्ता ।
दुई बीमकका अधिकारीहरू बीमितको कुरा सुन्दै ।
बीमा दावी


हामी हाम्रो क्षतिको भुक्तानी त पाउँछौ नि ?
पोहोर सहकारीले डुबायो, अब बीमाले पनि त्यस्तै गर्ने त होइन ?



नआत्तिनुस,
बीमा कम्पनी डुब्दैन। तपाईंहरू सबैले नियमानुसार आफ्नो क्षतिपूर्ति पाउँनुहुन्छ।


भीडको डर बिस्तारै हट्न थाल्छ।
बीमाको पनि बीमा हुन्छ, जसलाई पुनर्बीमा भनिन्छ। अझ नेपाल बीमा प्राधिकरणले नियमन गर्ने हुँदा बीमा कम्पनीहरू थप बलियो र विश्वासनीय भएका छन्।



बीमा सर्भेयर आउँछन् ।
रमेशजी, तपाईंको घरको मूल्य रू. ५० लाख भए तापनि रू. २५ लाखको मात्र बीमा गर्नुभएको रहेछ । त्यसैले, तपाईंको घर पूर्ण क्षति भए तापनि रू. २५ लाख मात्र भुक्तानी पाउँनुहुन्छ ।
रमेशलाई छाँगाबाट खसेजस्तो हुन्छ । उनी भुइँमा थचक्क बस्छन् ।
आधा घरको मात्र सुरक्षा ? ओहो ! मैले गल्ती गरेँ । ऊबेला प्रिमियम तिर्न लोभ लाग्यो र घरको कम मूल्य राखेर बीमा गरेँ । आज त्यो गल्तीको सजाय पाएँ ।


छिमेकी सीता आउँछिन् । उनको घर पनि पूर्ण क्षतिग्रस्त छ, तर दुःखी छैनन् ।
मेरो सबै क्षति कभर भयो नि, दाजु । मैले **घरको पूरा मूल्यको बीमा जो गराएकी थिएँ ।**


रमेश शोकमा, आत्मग्लानी गर्दै ।
**दुई घर, एउटै आगो,** तर दुई फरक परिस्थिति ।


सीता रमेशको काँधमा हात राख्दै :
घर जल्नु त अप्रत्याशित घटना हो, दाजु। तर, जलेको घर नउठ्नुको कारण भने बीमालाई पर्याप्त आत्मसाथ नगर्नु हो।


ठीक भन्यौ बहिनी, यो घटनाले मलाई ठूलै पाठ सिकायो। **अब देखि लोभ नगरी सम्पत्तिको पूरा मूल्यको बीमा गर्छु र सबैलाई त्यसै गर्न प्रेरित गर्छु।**


सीता आफ्नो पुनर्निर्मित नयाँ घर अगाडि मुस्कुराउँदै उभिएकी छिन् ।


रमेश आफ्नो आधा बनेको घर देखाउँदै समुदायमा बीमा सचेतना फैलाउँदैछन् ।
साथी हो, दुर्घटना रोक्न सकिँदैन । तर त्यसले पुऱ्याउने क्षति कम गर्न सकिन्छ । मेरो जस्तो गल्ती कसैले नदोहोऱ्याउनुहोस् । पूरा बीमा, पूरै सुरक्षा ।


# बंशीधरको आत्मा




आगो!
आगो!





बुबा!


भोलिपल्ट शशिधर काका आउनुहुन्छ।
काकाले रमेशको हात समातेर सम्झाउनुहुन्छ।
नआत्तिनु रमेश! सबै ठीक हुन्छ।


काकाले एउटा भिजिटिङ कार्ड देखाउँछन्।
डा.रोहन शर्मा
मनोविद्


डा.रोहन शर्मा
मनोविद्


डा.साप म के गरूँ ?
**मलाई सपनाले बस्न दिएन !**
**सपनामा बुबाले अत्याइरहनुहुन्छ ।**





तपाईंको बुबाको मृत्युपछि तपाईंलाई **सबैभन्दा बढी कुन कुराले पिरोल्यो ?**
लिलामी
ऋण...
घर लिलामी !
**हो, यही ऋणको डर नै तपाईंको सपनाको 'भूत' हो। बुबा होइन।**


लामो कुराकानी र परामर्शपछि
डाक्टरले प्रेस्कृप्सनमा "बीमा" लेख्छन् ।
यो कस्तो औषधी हो ? टचाब्लेट कि भोल ?
बीमा


यो भोल वा टचाब्लेट ओखती होइन, तपाईंको आत्मविश्वास हो । किनकि यो तपाईंको परिवारको सुरक्षा कवच हो ।
रमेशको अनुहारमा बुबाको मृत्युयता पहिलो पटक आत्मविश्वासको चमक देखिन्छ ।


डाक्टरले **साह्रै राम्रो ओखती** लेख्दिनुभएछ।
बीमालेख
अब हामी **सुरक्षित भयौं** !
रमेश स्टोर





रमेश अहिले पनि सपना देख्छन् । तर सपनामा केवल सुरक्षा हुन्छ, डर हुन्न । बुबालाई रमेश अहिले पनि सम्झन्छन् । कहिलेकाही सपनामा पनि देख्छन् । तर बुबाले अत्याउनुहुन्न । बस मुस्कुराउनुहुन्छ ।

**(समाप्त)**


मैले तिमीलाई बेलैमा काम गर्न दिएको भए.... आज यो दिन देख्नु पर्दैन थियो होला।
म एकचोटी मास्टर बाबुसँग कुरा गरेर आउँछु।


जे हुनु भैसक्यो... कोही नहुनेको भगवान हुन्छ भन्छन्, म मास्टर बाबुकोमा पुगेर आउँछु।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

## बीमा गर्दा ध्यान दिनुपर्ने विषयहरू

- बीमितले बीमा गर्नुभन्दा अगाडि आफूलाई आवश्यक पर्ने बीमा यकीन गरी त्यससँग सम्बन्धित प्रस्ताव फारममा खुलाउनुपर्ने सम्पूर्ण विवरणहरू स्पष्टसँग खुलाई भर्नु पर्दछ।
- बीमालेखमा उल्लेखित सम्पूर्ण शर्त एवम् सुविधाका बारेमा जानकारी लिएर मात्र बीमा गर्नु पर्दछ।
- बीमितले आफ्नो पेशा, व्यवसाय एवम् आर्थिकस्तर समेतलाई ध्यानमा राखेर बीमालेख खरीद गर्नु पर्दछ।
- बीमाशुल्क बुझाउने तथा बीमालेख नवीकरण गर्ने मिति, इच्छाइएको व्यक्तिको नाम, बीमालेखको अवधि समाप्त भएपछि प्राप्त हुने रकम जस्ता विषयमा बीमालेख खरीद गर्नुभन्दा अगाडि नै राम्रोसँग बुझ्नु पर्दछ।
- बीमितले बीमाशुल्क बुझाएपछि त्यसको आधिकारिक भर्पाई वा रसिद लिनु पर्दछ।
- बीमा सम्बन्धी प्रस्ताव फारम बीमित स्वयम्ले भर्नु पर्दछ। यदि बीमित निरक्षर वा प्रस्ताव फारम भर्न असमर्थ भएमा निजले तोकेको व्यक्तिले प्रस्ताव फारम भर्नु पर्दछ।
- बीमितले आफूले बीमा गर्न लागेको बीमा कम्पनीका बारेमा राम्रोसँग बुझेर मात्र बीमा गर्नु पर्दछ।
- बीमालेख नवीकरण गर्ने समय ख्याल गरी समयमा नै बीमालेख नवीकरण गर्नु पर्दछ।
- बीमा सम्बन्धी प्रचलित नीति नियमहरू तथा कानूनका बारेमा जानकारी राख्नु पर्दछ।
- बीमितले आफूले खरीद गरेको बीमालेखसँग सम्बन्धित सम्पूर्ण कागजातहरू सुरक्षित राख्नु पर्दछ।
- हाल प्रविधिको विकाससँगै विभिन्न बैकिङ्ग प्रणाली तथा डिजिटल भुक्तानी पोर्टल मार्फत घरबाट नै बीमाशुल्क बुझाउन सकिने भएकाले त्यस सम्बन्धमा राम्रोसँग जानकारी लिएर मात्र भुक्तानी गर्नु पर्दछ।
- बीमितले आफ्नो आवश्यकता र आम्दानीको स्रोतलाई ध्यानमा राखेर मात्र बीमा गर्नु पर्दछ। अन्यथा रकमको अभावमा तोकिएको समयावधिसम्म बीमालेखलाई नवीकरण गर्न नसकेर सरेण्डर गर्नुपर्ने अवस्था आउन सक्छ।

## प्रादेशिक कार्यालयहरू

**कोशी प्रदेश**
मोरङ, विराटनगर, मुनालपथ
इमेल ठेगाना : infokoshi@nia.gov.np
सम्पर्क नं. : ०२१-५९०४०४

**मधेश प्रदेश**
आदर्शनगर, वीरगञ्ज
इमेल ठेगाना : infomp@nia.gov.np
सम्पर्क नं. : ०५१-५९१०६२

**गण्डकी प्रदेश**
उपकार मार्ग, अमर सिंह चोक, पोखरा
इमेल ठेगाना : infogp@nia.gov.np
सम्पर्क नं. : ०६१-५३२९८५

**लुम्बिनी प्रदेश**
कालिकानगर-११, बुटबल
इमेल ठेगाना : infolp@nia.gov.np
सम्पर्क नं. : ०७१-५९१५०१

**कर्णाली प्रदेश**
वीरेन्द्रनगर-८, सुर्खेत
इमेल ठेगाना : infokp@nia.gov.np
सम्पर्क नं. : ०८३-५९०७४३

**सुदूरपश्चिम प्रदेश**
धनगढी उपमहानगरपालिका-१, कैलाली
इमेल ठेगाना : infospp@nia.gov.np
सम्पर्क नं. : ०९१-५९००१८

**नेपाल बीमा प्राधिकरण**
**NEPAL INSURANCE AUTHORITY**

पो.ब.नं. : २१७२, ललितपुर-१०, कुपण्डोल
फोन : ०१-५४२१०७९, ५४३८७४३
फ्याक्स : ०१-५४२०११९
टोल फ्रि नं. : १६६०-०१-५६७८९
वेवसाइट : www.nia.gov.np
इमेल : info@nia.gov.np